# विनयी त्रिवेणी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

गाउँसभाको पन्ध्रौं अधिबेशनमा अध्यक्ष श्री घनश्याम गिरिद्वारा प्रस्तुत

विनयी त्रिबेणी गाउँपालिकाको आ.व. २०८१/०८२ को

वार्षिक नीति तथा कार्यक्रम

आर्थिक बर्ष २०८१/०८२

मिति २०८१/०३/१० गते सोमवार

विनयी त्रिबेणी गाउँपालिकाको सम्मानित यस पन्ध्रौ गाँउसभामा उपस्थित सभाका उपाध्यक्ष ज्यू, सभा सचिव ज्यू, सभा सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, विनयी त्रिबेणीबासी आदरणिय बुवा, आमा, दाजु भाई तथा दिदी बहिनीहरु, स्वदेश तथा विदेशमा रहनु हुने आम समुदाय लगायत हामीलाई प्रत्यक्ष प्रसारण मार्फत सुनिरहनु र देखिरहनु भएका आदरणिय महानुभावहरु

सर्वप्रथम, संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको स्थापनाको लागि विभिन्न समयमा वलिदानीपूर्ण भावले आफ्नो जीवन आँहुती गर्नुहुने सम्पूर्ण महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनमा घाईते हुने योद्धाहरु प्रति उच्च सम्मान सहित शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु नेपालमा संघीय लोकतान्त्रीक गणतन्त्र स्थापनाको लागि विभिन्न काल खण्डमा नेतृत्व गर्नुहुने तमाम राजनीतिक दलहरु र उच्च नेतृत्व प्रति सम्मान सहित अभिवादन व्यक्त गर्दछु

धेरै लामो संघर्षवाट प्राप्त संघीयताको मुल आधारको रुपमा स्थानीय सरकार हरुको गठन भएको छ। यसले आफ्नो स्थापनाको छोटो समयमानै संघीयताको सवलिकरण, लोकतन्त्रको सुदृणीकरण र जनताको विकास र प्रशासनिक कार्यको संवोधन र संविधान प्रदत्त जिम्मेवारी निर्वाह गर्ने र जनतालाई सेवा प्रवाह गर्ने सवालमा गाउँपालिकाले आगामी आर्थिक वर्षमा महत्वपुर्ण फड्को मार्ने प्रतिवद्धता यस नीति तथा कार्यक्रमवाट गर्न चाहन्छु।

**यस पन्ध्रौं सम्मानित सभाका सदस्य ज्यूहरु,**

प्रथम गाँउ सभादेखि पन्धौ सभासम्म आईपुग्दा विनयी त्रिबेणी गाँउपालिकाको प्रथम आवधिक योजनाको सफल कार्यान्वयन पछि, दोस्रो आवधिक योजना निर्माणको चरणमा रहदा हामिले महत्वपूर्ण उपलब्धी र प्रगति हाँसिल गरेका छौं। हाम्रो सडक सञ्जाल वडा कार्यालयसम्म पक्की रुपमा पुग्ने चरणमा रहेकोछहाम्रो वडा कार्यालयहरु स्वास्थ्य संस्था, विद्यालय भवन लगायतका भौतिक संरचनाहरु साथै पूर्वाधार विकासले संघीयता कार्यान्वयन पछि उल्लेखनिय फड्को मारेको छ। आम समुदायको माग चाहना समय र परिवेस अनुसार अब हामीले भौतिक पूर्वाधारका साथ साथै कृषि, शिक्षा, स्वास्थ्य र स्वरोजगारलाई विशेष प्राथमिकतामा राखु अनिवार्य छ प्रस्तावित नीति तथा कार्यक्रममा पनि भौतिक पूर्वाधारका साथै कृषि, शिक्षा, स्वास्थ्य र स्वरोजगारीका क्षेत्रहरुलाई नै हामीले प्राथमिकतामा राखेका छौ।

**सम्मानित सभाका सदस्य ज्यूहरु**

जनताको दैनिक जिवनयापन, सुखदुख र हासो खुसीसँग प्रत्यक्ष जोडीएको स्थानीय सरकारलाई प्राप्त हुनुपर्ने बजेटमा समेत कार्यक्रम कार्यान्वयन भईसकेपछि हुने पटकपटकको बजेट कटौती आन्तरिक स्रोतको कमी साथै समुदायको उच्च चाहाना र आकाक्षाहरु समेत रहनाले सबै एकैपटक कार्यान्वयन गर्न नसकिए पनि प्राथामिकिरण गरी क्रमशः कार्यान्वयन गर्दै लगिने व्यहोरा समेत अबगत गराउन चाहान्छु प्रस्तावित नीति तथा कार्यक्रम राजनैतिक दल सामुदायिक संघ संस्था, क्लब, समुह, शिक्षक, कर्मचारी, विज्ञ, बुद्धिजिबी, युवा विद्यार्थी किसान मजदुर स्वदेश र विदेशमा रहेर पनि सामाजिक संजाल मार्फत प्राप्त सुझावहरुलाई समेत आत्मसाथ गर्दै तय गरिएको छ महत्वपूर्ण

सल्लाह सुझाब प्रदान गर्नुहुने आमसमुदाय प्रति धन्यवाद ज्ञापन गर्दै यो सम्मानित पन्ध्रौं सभा समक्ष आ.व.२०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**आदरणीय गाउँसभा सदस्य ज्युहरु,**

अब म पन्ध्रौ गाउँ सभामा प्रस्तुत आगामी आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रमहरु निर्माण गर्नका लागि " **व्यवसायिक कृषि, सांस्कृतिक तथा पर्यटकीय ठाँउ, स्वच्छ समृद्वि हाम्रो विनयी त्रिवेणी गाँउ** " भन्ने मूल नारालाई आत्मसात गर्दै संवृद्धि तर्फको यात्रालाई अगाडि बढाउने सोचका साथ निम्न क्षेत्रगत नीतिहरु जारी गरिएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु।

## आ.ब. २०८१।०८२ को लागि अवलम्बन गर्ने क्षेत्रगत नीतिहरु

### १. आर्थिक विकास

#### क. कृषि, खाद्य सुरक्षा तथा सिंचाई

- बिउ खरीद, विमा र यान्त्रीकरणमा दिदै आएको अनुदानहरु उत्पादनमा आधारित बनाईनेछ साथै कृषिमा दिईने अनुदान प्रणालीलाई व्यवस्थित, पारदर्शी र कृषक मैत्री बनाउदै लगिनेछ।
- कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गर्दै, कृषियोग्य भूमिको संरक्षण, नदी किनार सहितका बाँझो तथा नदी उकास जग्गाको सदुपयोग गर्न आवश्यक व्यवस्था गरिनेछ।
- किसान सूचिकरण कार्यलाई निरन्तरता दिईनेछ। किसान परिचय पत्रलाई कृषि क्षेत्रमा प्रदान गरीने सेवा सहुलियतसँग आवद्ध गरिनेछ।साना तथा सिमान्तकृत किसान लक्षित कार्यक्रम कार्यान्वनमा ल्याईनेछ
- बालीनालिहरुको जैविक विविधता संरक्षण, संवर्द्धन तथा उपयोग सञ्चालन गरिनेछ। परम्परागत र प्राकृतिक तथा पोषणयुक्त खाद्यान्न बालीको खेती विस्तार गर्दै व्यवसायिकरण गरिनेछ।
- "स्वस्थ माटो, स्वच्छ वाली अभियान मार्फत माटोको अम्लियपन, क्षारियपन तथा विविध सुक्ष्म तत्वहरुको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधि हस्तान्तरण गरिनेछ।, साथै रोग किराको पहिचान र निवारण गरिनेछ।
- गाँउपालिका लाई सवल र सफल बनाउन विदेशी तरकारीलाई निरुत्साहित गर्न कृषकलाई आवश्यक परामर्श तथा बिउ बिजनको व्यवस्था गरिनेछ।
- वजारमुखि उत्पादनलाई मध्यनजर गर्दै हिउदे र वर्षे तरकारीको विउँ कृषकलाई निःशुल्क उपलब्ध गरिनेछ।
- च्याउ उत्पादनमा आत्मनिर्भर हुने लक्ष्य अनुरुप प्रत्यक वडामा च्याउ खेती संम्वन्धि कार्यक्रम सञ्चालन गरिनेछ।
- पालिका भित्र रहेका सबै सामुदायिक वनहरूको साझेदारीमा खेर जाने वन पैदावारलाई प्रयोगमा ल्याई प्रांगारिक मल बाउने नीति लिइनेछ।

- गाउँपालिका भित्रका खेतियोग्य जमिनहरुमा बाह्रै महिना पर्याप्त सिंचाई सुविधा उपलब्ध गराउनका लागि कुलो निर्माण गर्ने, मर्मत गर्ने, बोरिङ्ग जडान गर्ने तथा साना सिंचाई आयोजना संचालनमा ल्याउन पानीका स्रोतहरु लाई सहि ढंगले उपयोग गरिनेछ।
- कृषि क्षेत्रमा व्यवसायीकरण, आधुनिकिकरण र यान्त्रिकिकरण गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि कृषकलाई आवश्यक पर्ने साना तथा मझौला प्रकारका यान्त्रिक उपकरणहरु अनुदानमा उपलब्ध गराउने कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- कृषि क्षेत्रको स्थायी विकासको लागि प्रत्येक वडाका सिमान्तकृत कृषकलाई स्थलगत तालिम आयोजना गरि कृषकको कार्य क्षमता वृद्धि गरिनेछ।
- विभिन्न बालि नालिमा तत्काल भैपरि आउने रोग, किरा र अन्य अवशेष रोकथामकालागि आकस्मिक बली संरक्षण कार्यक्रम कार्यन्वयन गरिनेछ।
- उखु कृषकहरुलाई डीफर सिफारिसमा लिदै आएको शुल्कलाई हटाइनेछ।
- तरकारी खेति तर्फ कृषकहरुलाइ उत्साहित गर्न नया तरकारी पकेट विकास कार्यक्रम संचालन गरिनेछ।

## ख. पशुपंक्षि सेवा

- पशुपालन गरिरहेका कृषकहरुले प्रत्यक्ष महशुस गर्ने गरी आवश्यकता अनुसार पशुपंक्षी उपचार तथा परामर्श सेवा, बिमा जस्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ
- पशुपंक्षी तथा मत्स्यपालनको समस्या समाधान गर्न विज्ञहरुबाट स्थलगत रुपमा पशु स्वास्थ्य शिविर, बाँझोपन शिविर, मागमा आधारित तालिम संचालन तथा विभिन्न पशुपंक्षी दिवस संम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- दुग्ध उत्पादनमा आत्मनिर्भर एवं व्यबसायिक बनाउन कृषक समूह, सहकारी मार्फत दुग्ध व्यवसायलाई आय आर्जनको माध्यमको रुपमा विकास गरिनेछ।
- स्वस्थ र स्वच्छ मासु उत्पादन, उपभोग र व्यवस्थापनको लागि मासु पसल सुधार, नियमन अभिलेखिकरण गरिनेछ।
- प्रदेशसंगको सहकार्यमा जुनोटिक र महामारीजन्य (भ्यगुते, खोरेत, पी.पी.आर. स्वाइनफिभर, रानीखेत, लम्पी स्किन, रेविज आदि) पशुपंक्षी रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि बृहत खोप कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।
- कृषि तथा पशुपंक्षी तथ्याङ्क अद्यावधिक गर्ने कार्यलाई प्रभावकारी बनाईनेछ।
- सार्वजनिक निजी साझेदारीमा खेती योग्य बाँझो जग्गा उपयोग गरी पशुपालन गर्ने कृषकलाई प्राथमिकता दिइनेछ।
- सीमान्तकृत किसान लक्षित कृषक सम्मान कार्यक्रम कार्यान्वयमा ल्याइनेछ।

- राजमार्ग तथा भित्रि मुख्य सडकहरुमा दुर्घट्नामा परेका घाईते पशुपंक्षी हरुको उपचारका लागि आकस्मिक उपचार सेवा कार्यक्रम संचालनमा ल्याईने छ।
- किसानहरुले पालेका गाई भैसीहरु सुत्केरी भएका अवस्थामा पशुको स्वास्थ्य, तन्दुरुस्ति र उत्पादनमा वृद्धि ल्याउनका लागि सुरु गरिएको सुत्केरी स्यहार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- धार्मिक आस्थाका केन्द्रहरुमा पालिने पशु चौपायाहरुले राजमार्ग लगायतका अन्य स्थानमा हुने सडक दुर्घटनाको जोखिम हुने हुदा ति स्थानहरुमा पशु चौपायको संरक्षण गर्नका छाडा चौपाया व्यवस्थापनको लागि आवश्यक प्रबन्ध मिलाइनेछ।
- पशु सेवासंग सम्वन्धित प्राविधिकलाई समयानुकुल प्रविधिको विकास गराउनका लागि तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।
- पशुपंक्षीको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी अन्य संघ संस्थासंग गाउँपालिकाले सहकार्य गर्दै अगाडी वढ्ने नीति लिनेछ।

**ग. पर्यटन, संस्कृति तथा सम्पदा**

- पर्यटन संग सम्बन्धित क्रियाकलापहरुको समग्र नीतिगत व्यवस्थापन तथा प्रवर्द्धन गर्न पालिकास्तरीय एक पर्यटन विकास समिति गठन गरिनेछ।
- सबै तहका सरकारहरुसंगको समन्वय तथा सहकार्य गरी गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य पर्यटकीय केन्द्रहरूको अन्तरसम्बन्धलाई मजबुत बनाउन यस गाउँपालिकालाई आन्तरिक एवं बाह्य पर्यटन हवको रूपमा विकास गरिने छ
- स्थानीय भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्दै धार्मिक पर्यटनलाई व्यवस्थित गर्न आवश्यक प्रचारप्रसार गरिनेछ।
- पालिकाभित्र रहेका धार्मिक साँस्कृतिक महत्व र आस्थाका केन्द्रहरुको संरक्षण र सम्बर्द्धन गरि साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने नीति लिइनेछ।
- यस गाउँपालिकाको कला संस्कृती एंव मौलिक विशेषता समेटिएका जातजातिको संग्रालहय स्थापनाको लागि अध्ययन गरि स्थापना गर्दै लगिनेछ।
- यस गाउँपालिकाको वडा न. २ स्थित कालिकाडाडामा रहेको उद्यान्नलाई राम्रो र व्यवस्थित वनाउदै लगिने तथा उक्त पार्कसंग साझेदारीमा वाल उद्यान्नको विकास गरिनेछ।
- वडा नं. ६ मा रहेको हिन्दु, मुश्लिम लगायत बहुसंख्यक धर्मावलम्बीको आस्थाको केन्द्र मदरवावालाई गाउँपालिका मातहतमा ल्याई सम्पूर्ण व्यवस्थापकीय कार्य गाउँपालिकाले गर्ने गरि आवश्यक व्यवस्था मिलाइनेछ।
- त्रिबेणी स्नानघाट र दाह सस्कार घाट लाई सरसफाई, शौचालय, खानेपानी र शौन्दर्यकरण गर्न आवश्यक पहल गरिनेछ।

### घ. उद्योग व्यापार र व्यवसाय

- दिगो विकासका लक्ष्यलाई हासिल गर्न सघाउ पुग्ने गरी गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिहरुको उपयोग गर्दै आय आर्जनका क्रियाकलाप मार्फत स्वरोजगारका अवसरहरु सिर्जना गरिनेछ।
- वैदेशिक रोजगारी वाट फर्केकाहरुलाई गाउँमै लघु उद्योग सञ्चालन वा भौतिक संरचना निर्माण गर्ने व्यक्तिहरूलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।
- गुणस्तरहीन एवं म्याद नाघेका वस्तुहरूको विक्री वितरण रोक्न, एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन बजारको प्रभावकारी नियमन तथा अनुगमन गरी उपभोक्ता हित संरक्षण गरिनेछ।
- परम्परादेखि विभिन्न जाति तथा समुदायको मुख्य पेशाको रूपमा रहेको आरन, टेलरिङ, कालीगढ जस्ता परम्परागत व्यवसायलाई आधुनिकीकरण र व्यवसायिकरण गरी घरेलु उद्योगको रूपमा प्रर्वद्धन गरिनेछ।
- यस गाउँपालिका भित्र रहेका मझौला तथा ठुला उद्योगहरु र Corporate Agency हरुलाई सामाजिक उत्तरदायित्वको कार्य प्रभावकरी ढंगवाट गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ।
- साना र लघु उधामिका उत्पादनलाई प्रोत्साहन र बजारीकरण गर्न साझा सुविधा केन्द्रको स्थापना गरिनेछ।

### ङ. भुमि व्यवस्था, सहकारी र वित्तीय सेवा

- रास्ट्रिय भुमि आयोगको कामलाई तिब्रता दिदै आगामी आ.व.मा भुमिहिन सुकुम्बासी तथा भूमिहीन दलितहरुलाई जग्गा धनि पुर्जा दिने कार्यकालागि बिशेष पहल गरिनेछ।, साथै अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि पहल गरिनेछ।
- आर्थिक विकासका लागि सहकारी एक उपयुक्त माध्यम हो भन्ने स्थापित मूल्य मान्यतालाई अभिवृद्धि गर्दै लगिनेछ।
- सहकारीका आधारभूत मूल्य, मान्यताका आधारमा सहकारी संचालन गर्न सहकारीलाई नियमन गर्दै सदस्य केन्द्रित सहकारी निर्माण र संचालनमा जोड दिईनेछ।
- सहकारीहरु संगको समन्वय र सहकार्यमा क्षमता विकास र संस्थागत विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
- सहकारी संस्थाहरूमा वित्तीय सुशासनलाई जोड दिदै अभिलेख प्रणालीलाई सुदृणीकरण गर्न सबै कारोबारलाई प्रविधिमैत्री बनाउन जोड दिईनेछ।
- शिक्षा, तालिम र अध्ययन अवलोकनका माध्यमवाट सहकारीहरुको संस्थागत क्षमता विकास र सहकारी सम्वन्धी जनचेतना अभिवृद्धि गरिनेछ।

- सहकारीको निर्दिष्ट मूल्य र सिद्धान्तहरुको अभ्यास गर्दै प्रभावकारी व्यवस्थापन विधिको अवलम्वन तथा नियमन मार्फत सहकारी क्षेत्रमा शुसासन कायम गरिनेछ।

**च. श्रम, रोजगारी र गरिवी निवारण**

- यस गाउँपालिकामा सुचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गर्नका लागि स्थानीय तहले संचालन गर्ने योजना आयोजनाहरुमा आवश्यक श्रमिक आपुर्ति गर्दा आयोजना सम्झौतामा सुचिकृत वेरोजगारलाई काममा प्रोत्साहन गरिनेछ।
- यस गाउँपालिकामा वेरोजगार भई सुचिकृत भएका व्यक्तिहरुलाई स्वरोजगार वनाउन स्थानीय आवश्यकता अनुसारका विविध सिपमुलक, आयआर्जनमुलक तालिमहरुलाई प्राथामिकताका साथ संचालन गरिनेछ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ। त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रम लाइ थप व्यवस्थित गरिनेछ। विनयी त्रिवेणी गाउँपालिकाका बासिन्दालाइ विदेशमा काम लाग्ने खालको सीप तालिम लिएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावारण तयार गरिनेछ। सुरक्षित आप्रवासन कार्यक्रम लाइ आन्तारिकिकरण गरिनेछ।
- वैदेशिक रोजगारीमा जान लागेका र गैसकेकाहरुलाइ आफ्नो एक प्रति कागजात घरमै छाड्न र विदेशबाट पठाउन प्रोत्साहन गर्ने नीति लिइनेछ जसले गर्दा कुनै समस्या परेमा उद्दार, राहत तथा समन्वयमा सहजता हुनेछ
- वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोगका गरी पालिकाको आर्थिक वृद्दिमा टेवा पुर्याइनेछ।
- वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणको उपयोगका लागि वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय तहबाट नै श्रम स्वीकृतीको प्रक्रियालाइ अझै प्रभावकारी र सेवाग्राही मैत्री बनाइनेछ।
- रोजगारीका पर्याप्त अवसर सिर्जना गरी उपलब्ध जनशक्तिको उपयोग गर्दै आर्थिक विकासमा योगदान पुर्याउन आयोजनाहरुको निर्माण श्रममूलक प्रविधिको प्रयोगबाट गरिनेछ।
- स्थानीय रोजगार रणनीति स्वीकृत गरि कार्यान्वयन तथा आन्तरीक रोजगार प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## २. सामाजिक विकास

**क. जनस्वास्थ्य तथा पोषण**

- "नागरिकको स्वास्थ्य पालिकाको जिम्मेवारी" भन्ने नारालाई मनन् गर्दै पालिका वटा प्रदान गरिने सेवालाई भरपर्दो र व्यवस्थित बनाइनेछ।

- स्वास्थ्य सस्था र अस्पतालको सेवा प्रभावकारी बनाउन तथा गाउँपालिकाको स्वाथ्य सम्बन्धि ऐन संसोधन गरिनेछ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकीका प्रयोगशालाहरुको स्तरवृद्धि गर्दै गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
- वालवालिका तथा किशोरीहरुको पोषण स्थितीमा सुधार ल्याउन वहुक्षेत्रीय पोषण कार्यक्रमलाई गाउँपालिका भित्रका सवै कार्यक्रममा मुल प्रवाहिकरण गरिनेछ। साथै गर्भवती तथा सुत्केरी (सुनौला हजार दिनका ) महिलाको स्वास्थ्य र पोषणलाई प्रवर्धन गर्न संघीय सरकारको कार्यक्रम बाहेक गाउँपालिकावाट थप आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- स्वास्थ्य विमा कार्यक्रममा सवैको पहुँच सुनिश्चिता गरी स्वास्थ्य विमालाई थप प्रभावकारी वनाउनका लागि विनयी त्रिवेणी आधारभुत अस्पताललाई स्वास्थ विमाको प्रथम बिन्दु बनाउन आवस्यक व्यवस्था गरिनेछ।
- १० शैयाको विनयी त्रिवेणी आधारभुत अस्पताल निर्माणका लागि आवश्यक वजेटको व्यवस्था मिलाईनेछ तथा उक्त अस्पताल भवन निर्माण संगै दिगो, भरपर्दो, गुणस्तरिय र सर्वशुलभ स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ।
- त्रिबेणी सुस्ता स्वास्थ्य चौकी र बेनिमणिपुर स्वास्थ्य चौकिलाई ५ सैयाको अस्पतालमा स्तरउन्नति गर्नको लागि पहल गरिनेछ।
- यस गाउँपालिका भित्र ६० वर्ष उमेर सम्म काम गरि स्वास्थ्यको क्षेत्रमा योगदान दिएका महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकालाई सम्मानजनक विदाई कार्यक्रम लाई निरन्तरता दिइनेछ।
- यस गाउँपालिका भित्र रहेका गम्भिर प्रकृतिका रोग विशेषत थालेसेमिया Bone Marrow सम्बन्धि समस्या भएका विरामीलाई उपचारमा मासिक आर्थिक सहायताको ब्यवस्था गरिनेछ।
- नेपाल भारत सीमामा रहेको Point of Entry लाई प्रदेश तथा संघीय सरकार संगको समन्वयमा निर्माण गर्न पहल गरिनेछ।
- स्वास्थ्य व्यवस्थापन, आपुर्ति व्यवस्थापन लगायत स्वास्थ्य कार्यक्रमहरुलाई आवश्यकताको आधारमा डिजिटल (DHIS-2, eLMIS) प्रविधिमा आधारित सूचना प्रणालीहरु मार्फत तथ्याङ्क संकलन, विश्लेषण, प्रतिवेदन र प्रयोग गर्न सबै स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ।
- पुर्ण खोपको सुनिश्चितता दिगोपना कार्यहरु सहित रोगहरु नियन्त्रण, निवारण, र उन्मुलन लाई जोड दिइ राष्ट्रिय-अन्तराष्ट्रिय लक्ष्य हासिल गर्न बालबालिकाहरुलाई खोप अभियान निरन्तर संचालन गरिनेछ। साथै नियमित खोप कार्यक्रममा स्वास्थ्य सस्था वाह्य खोप केन्द्रमा खटिने स्वास्थ्यकर्मीलाई यातायात खर्चको व्यवस्था गरिनेछ।
- सामुदायिक विद्यालयमा अध्ययनरत एवमं सम्पूर्ण किशोरिहरुलाई आइरन फोलिक एसिड वितरण प्रभावकारी रुपमा सञ्चालन गर्ने कार्यलाइ निरन्तरता गरिनेछ।

- नसर्ने रोगको रोकथाम तथा नियन्त्रण र सचेतनाको लागि अर्धवार्षिक रुपमा स्वास्थ्य संस्थाहरुमा नसर्ने रोगहरुको स्क्रिनिङ्ग कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ।
- गर्भवति महिलाहरुको जोखिमयुक्त गर्भको पहिचान गर्न भिडियो एक्सरे सेवा (ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम प्रारम्भ गरिनेछ।
- परिवार योजना कार्यक्रम सँगै प्रजनन स्वास्थ्य समस्या आङ खस्ने, फिस्टुलाको समस्या, पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरको प्रारम्भिक जाँच, परामर्श तथा प्रेषण गर्ने व्यवस्था मिलाइनेछ।
- नागरिकहरुलाई शारीरिक व्यायाम, योग, आरोग्य सेवा तथा स्वच्छ र सन्तुलित आहारमा जोड दिइ स्वास्थ्य जिवनशैलि परिवर्तन गराइ रोग नियन्त्रण गर्न अभिप्रेरित गरिनुका साथै वैकल्पिक चिकित्सा सम्वन्धी अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिने छ
- गाउँपालिका भित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्था निजि क्लिनिक, फार्मेसिहरुको दर्ता, अनुमती तथा नविकरण र नियमन गर्ने कार्यलाइ निरन्तरता दिइनेछ।
- गाउँपालिका अन्तर्गतका एचआइभी संक्रमित व्यक्तिहरुको लागि पोषण तथा उपचार खर्च सहायता प्रदान गरिनेछ।
- निःशुल्क दन्त परीक्षण, बृहत स्वास्थ्य शिविर आँखा परीक्षण जस्ता उपचारात्मक प्रकृतिका स्वास्थ्य शिविरहरु गैह्रसरकारी संघ संस्थाहरुको साझेदारी तथा समन्वयमा संचालन गरिनेछ।
- सरकारी, गैरसरकारी, निजी र सामुदायिक क्षेत्रहरुसँग रणनीतिक साझेदारी गरी स्वास्थ्य क्षेत्रका दिगो विकासका लक्ष्यहरु हाँसिल गर्न प्रयत्न गरिनेछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था तथा नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष्य, उद्येश्य कार्यान्वयन गर्दै मानव जीवनचक्रमा पोषण अवस्था सुधारको लागि पोषण विशेष तथा पोषण संवेदनशिल सेवाको उपलब्धता,गुणस्तर सुधार तथा समतामूलक पहँच र उपभोगको सुनिश्चितता गर्न लक्षित कार्यक्रम कार्यान्वयन गरी पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ।

**ख. शिक्षा, कला तथा साहित्य**

- विषयगत शिक्षकबाट मात्र शिक्षाको गुणस्तर हुनेहुदा स्वयम् सेवक विषयगत शिक्षकहरुको ब्यवस्था गरिनेछ।
- गाउँपालिकाको सम्पुर्ण चिनारी झल्कने हिसावले १-५ सम्म गाउँपालिकाले आफ्नै स्थानीय पाठ्यक्रम लाई अझ प्रभावकारीरुपमा पठन पाठन गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- विभिन्न कार्यक्रमवाट निर्माण कार्य संचालन भई रहेका सामुदायिक विद्यालयको अपुरा भौतिक संरचनालाई क्रमशः पुरा गर्दै लगिने र जिर्ण भएका भवन मर्मत संभार गरिनेछ।

- अंग्रेजी माध्यममा पठनपाठन गराउने विद्यालयहरुका लागि १-५ सम्म निशुल्क अंग्रेजी माध्यमका पाठ्यपुस्तक विद्यालयहरुलाई अनुदानमा उपलव्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- विद्यालय भवन छात्रावास, शौचालय निर्माण, सुरक्षित घेराबार, स्वाच्छ खानेपानी, सुरक्षित खेलमैदान, फूलबारी, करेसाबारी बगैंचा निर्माण जस्ता कार्यलाई विषेश जोड दिइनेछ।
- अनलाइनमा आधारित 'एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली लाई विद्यालयहरुको सम्पूर्ण क्रियाकलाप आवद्ध गराउने कार्यक्रमलाई निरन्तरता र सुदृढिकरणका साथ सबलिकरण गरिनेछ।
- विद्यालयलाई Junk Food (पत्रुखाना) निषेधित क्षेत्रको रुपमा विकास गर्दै दिवाखाजा कार्यक्रम अन्तर्गत स्थानीय खाद्यबस्तुहरु प्रयोग गरी बाल पोषण तथा बाल स्वास्थ्यमा सुधार गर्ने नीति अवलम्बन गरिनेछ।
- बालविकास केन्द्रका बालशिक्षक, विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगी कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिकमा थप पारिश्रमिक उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणलाई प्रभावकारी बनाउन गाउँपालिकास्तरीय अनुगमन समिति गठन एवम् परिचालन गरिनेछ।
- छात्राहरुका लागि गुणस्तरीय सेनिटरी प्याडको निशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिदै त्यसको प्रभावकारी प्रयोग र सरसफाईमा विशेष ध्यान दिन प्रोत्साहित गरिनेछ।
- विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयको विषयगत शिक्षक दरबन्दी व्यवस्थापनमा विशेष ध्यान दिइनेछ।
- बालबालिकाहरुलाई विद्यालय ल्यायौं, टिकाउ र सिकायौं भन्ने कार्यक्रमलाई प्रभावकारी बनाई कम्तीमा माध्यामिक तह सम्मको शिक्षा पुरा गर्ने वातावरण सिर्जना गरिनेछ।

### ग. खानेपानी, सरसफाइ तथा स्वच्छता

- विगतदेखि कार्यान्वयन हुँदै आएको "एक घर एक धारा" अभियान कार्यक्रमलाई निरन्तरता दिईनेछ
- खानेपानीका श्रोतहरूको क्षमता नक्साङ्कनका लागि पूर्व सम्भाव्यता अध्ययन गर्न आवश्यक पहल गरिनेछ।
- दिगो विकासका लक्ष्य पूरा गर्नका लागि स्वच्छ पानी र सरसफाइ कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ। गाउँ क्षेत्रको सरसफाइ कार्यलाई तीव्रता र निरन्तरता दिइने छ
- खानेपानी तथा सरसफाई स्वच्छता योजना बमोजिम स्वस्थ र गुणस्तरीय खानेपानी सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।
- निर्माणाधीन अवस्थामा रहेका खानेपानीका ग्रायाभिटी तथा लिफ्टिङ्ग योजनाहरुलाई सम्पन्न गर्न संघ तथा प्रदेश सरकारसंग सहकार्य र समन्वय गरिनेछ।

## घ. महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकारण

- महिलाहरुको सीप, क्षमता र दक्षता अभिवृद्धि गरी आयआर्जनमा वृद्धि गर्नका लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ।
- सामाजिक विभेद विरुद्धको जनचेतनाको लागि प्रभावकारी अभियान संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- आमा समूहहरुको संस्थागत तथा क्षमता विकास गरी टोल बस्तीमा सृजनात्मक, रचनात्मक क्रियाकलापहरु सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।
- सबैखालका पूर्वाधार तथा कार्यक्रमहरुलाई लैङ्गिक मैत्री बनाईनेछ
- विनयी त्रिबेणी गाउँपालिकाकालाई बालमैत्री गाउँपालिका बनाउने नीति लिइने छ
- वालवालिकाको रचनात्मक क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ
- बालवालीकामाथि हुने भेदभाव, यातना, दुर्व्यवहार तथा जोखिमबाट मुक्त गराउन नीतिगत र संस्थागत संरचना निर्माण गरिनेछ।
- अभिभावक विहिन वालवालिकाको संरक्षणको लागि विशेष व्यवस्था गरिनेछ।
- वालबालीकाको तथ्याङ्क संकलन तथा बधावधिक कार्यलाई निरन्तरता दिईनेछ।
- आपतकालिन बालउद्धारकोष स्थापना गरी दुर्व्यवहार  पिडित बालबालीकाको उद्धार, अल्पकालिन बसोवास जस्ता कार्यहरुमा सहयोग गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरू लाई आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला वालवालिकाको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी परिचय-पत्र बितरण र क्षमता पहिचान गरी आयमूलक कार्यमा संलग्न गराई जिवनयापनमा सेवा पुग्ने कार्यहरु गरिनेछ।
- अपाङ्गता भएका  व्यक्तिहरुको दैनिक जिवनयापनमा सहजता प्रदान गर्न आवश्यक सहायक सामाग्री बितरण गरिनेछ।
- शारीरिक, मानसिक, बौद्धिक रूपमाअपाङ्गता भएका  व्यक्तिहरुको समाजमा सम्मानजनक ढंगले जीवनयापन गर्ने बाताबरण तयार गरिनेछ।
- अपाङ्गता भएका  व्यक्तिहरुको विशेष क्षमतालाई पहिचाहन गरी सम्मान, र संरक्षणको नीति अवलम्बन गरिनेछ।
- किशोरी र वालवालिकाको पोषणमा सुधार ल्याउन पोषण बिशेष कार्यक्रम तथा गर्भवती र शुत्केरीको पोषणमा सुधार ल्याउन उपाध्यक्ष पोषण सुधार कार्यक्रम संचालन गरिनेछ।

## ङ. युवा, खेलकुद तथा तथा नवाप्रवर्तन

- सकरात्मक सोचको विकास गर्ने अभिप्राय स्वरुप खेल खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरव बढाउन खेलकुदका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- पालिका स्तरीय युवा तथा खेलकुद विकास ऐन तर्जुमा गरिनेछ।
- गाउँपालिकामा रंगशाला र एक वडा एक खेलमैदान निर्माण कार्यलाई विशेष प्राथमिकता दिईनेछ
- "स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने नारालाई आत्मसात् गर्दै गाउँपालिका भित्रका विद्यार्थि तथा युवा लक्षित अध्यक्षकप, राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- जिल्ला, प्रदेश, राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा खेल्ने यस पालिका अन्तर्गतका खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ।
- सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको साझेदारीमा आत्महत्या दुरुत्साहन तथा लागू औषध दुर्व्यसनी सम्बन्धी युवा तथा विद्यार्थी केन्द्रित कार्यक्रम कार्यान्वयन गरिनेछ।
- प्रत्येक वडामा खेलमैदानको अवधारणा अनुसार खेल मैदान निर्माण कार्य अगाढी बढाइनेछयस गाउँपालिकामा रंगशाला निर्माणको लागि प्रदेश तथा संघीय सरकारसंग समन्वय गरि निर्माण कार्य अगाडी वढाईनेछ।

## ३. पूर्वाधार विकास क्षेत्र

### क. बस्ती विकास, आवास तथा भवन

- व्यवस्थित, सुरक्षित र सुन्दर विनयी त्रिबेणीको परिकल्पना साकार पर्न सबै किसिमको भवन निर्माण गर्दा अनिवार्य रुपमा पुर्व स्वीकृत लिनुपर्ने, वस्ती, शहरी योजना तथा भवन निर्माणका लागी निर्माण मापदण्ड २०७२ सम्बन्धि कानुनी व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ। प्रचलित कानुन बमोजिम पुर्व स्वीकृति नलिई नयाँ घर निर्माण गर्ने घरधनीलाई आधारभुत लाग्ने शुल्कको दोब्बर दस्तुर लिएर मात्र मापदण्ड अनुसार भवन निर्माण भएको रहेछ भने घर नक्शा अभिलेखीकरण गर्ने नीतिगत व्यवस्था गरिनेछ।
- यस गाउँपालिका भित्र रहेका खर फुसको छानोलाई क्रमशः विस्थापन गर्दै शुन्य अवस्थामा झार्ने नीति अनुरुप बाँकी घरहरुको कामलाई तिब्रता दिईनेछ।
- अति विपन्न नागरिकहरुको सुरक्षित आवासको हकलाई प्रत्याभूत गराई सुरक्षित आवास निर्माणको व्यवस्था मिलाईनेछ।
- गाउँपालिकामा निर्माण गरिने भवन लगायतका भौतिक संरचनाहरु लैङ्गिक, बालबालिका तथा अपांग मैत्री भूकम्प प्रतिरोधी बनाउनुका साथै भवन निर्माण सम्बन्धी मापदण्ड तथा आचार संहिताको पालनाका साथ सेवाग्राही मैत्री बनाईने छ
- सडक दायाँबायाँका अतिक्रमित भवन तथा टहराहरु सम्बन्धित सडकको मापदण्ड अनुसार हटाउने नीतिलाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ।
- पालिका अन्तर्गतका सार्वजनिक विद्यालय भवन स्वास्थ्य चौकी भवन लगायतका संस्थाहरुको आवश्यक मर्मत सम्भार तथा स्वच्छ खानेपानी र सरसफाईको लागि आवश्यक पुर्वाधारहरु तयार गरिनेछ।

- प्रस्तुत नीति तथा कार्यक्रमले कृषि, रोजगार, पर्यटन, उधोग र पूर्वाधार समृद्ध विनयी त्रिबेणीको आधार मुल ध्येयलाई पुरा गर्न सन्तुलित , समावेशी विकास गर्ने लक्ष्य लिएको छगाउँक्षेत्रको समग्र विकासको लागि वृहत एकिकृत गाउँ विकाश योजना (comprehensive integrated rural development plan ) गाउँको भू-उपयोग र आवास नीति तर्जुमा गरी समुन्नत गाउँको रुपमा विकास गरिनेछ।
- नक्सा पास नगरी घर निर्माण गर्ने प्रबिधिलाई निरुत्साहित गर्न आगामी आ.व.मा घरनक्सा अभिलेखीकरण अभियान संचालन गर्न तथा अभिलेखीकरणमा लिदै आएको जरिवानामा छुट दिने नीति लिइनेछ।आ.वा. २०८२/०८३ देखि घरनक्सा अभिलेखीकरण गर्ने कार्य बन्द गरिनेछ।

**ख. सडक, पुल तथा यातायात**

- पालिकाको गौरवको योजना दुम्किबास, सर्दी सडकको दुवै किनारमा फलफूलका विरुवा रोप्न प्रोत्साहन गर्दै शहरी सौन्दर्य प्रबर्द्धनलाई प्राथमिकता दिइनेछ।
- निर्मित सार्वजनिक निर्माणका योजनाहरुको संरक्षण गर्न तथा सार्वजनिक सडकहरुमा निर्माण सामग्री थुपार्ने, जथाभावी सडक संरचना खन्ने बिगार्ने व्यक्ति वा समुहलाई कडा भन्दा कडा कानुनी कारवाही गर्ने व्यवस्था गरिनेछ।
- यस गाउँपालिकाको खर्च व्यवस्थापनलाई नतिजामुखि वनाउनका लागि गाउँपालिकाको पुजिगत खर्च वृद्धि गर्न र विकास आयोजना कार्यन्वयनलाई सहजिकरण गर्न नतिजामा आधारित आयोजना व्यवस्थापन प्रणाली सहितको विकास सम्वन्धी छुट्टै नीति अवलम्वन गरिने छ।ठुला र गाउँपालिकाका गौरवका आयोजनाको समयमानै ठेक्का प्रणाली अख्तियार गरि समयमानै कार्य सम्पन्न गर्ने वातावरण गाउँपालिकाले तयार गर्ने छ भने समय भन्दा अगावै कार्य सम्पन्न गरि गाउँपालिकालाई हस्तान्तरण गर्ने ठेकेदारलाई गाउँपालिकावाट सम्मान गरिने व्ववस्था गरिनेछ।
- गाउँपालिकाको प्राथमिकताका आधारमा विकास कार्यक्रम र आयोजनालाई वजेट कार्यक्रमसंग आवद्ध गरिनेछ। ठुला तथा रणनीतिक महत्वको पुर्वाधार निर्माणका लागि संघीय र प्रादशिक सरकारसंग सहकार्य गर्दै गाउँपालिका अगाडी वढ्ने नीति रहनेछ।
- प्रदेश सरकारको रणनीतिक महत्वको सडक त्रिवेणी -दुम्किवास -पाल्पा पुग्ने सडकको संघीय सरकार र प्रदेश सरकारसंगको सहकार्यमा निर्माण कार्यको थालानी गर्न आबश्यक पहल गरिनेछ।
- गाउँपालिकाका सम्पुर्ण वडालाई सडक संजालले जोड्न आन्तरिक सडक निर्माणलाई प्राथमिकता दिईनेछ निर्माणधीन सडक पुरा गर्दै जाने एवं सडक स्तरउन्नती गर्ने कार्यलाई प्राथमिकता दिईनेछ। सडकको दिगोपना, शहरी सौन्दर्य उपयुक्त सडक मापदण्ड लागु गर्न तयार गरिएको“ गाउँपालिका सडक गुरुयोजना परिमार्जित गरि “ (MTMP) कार्यान्वयन गरिनेछ।

- पूर्वाधार निर्माणमा जनसहभागिता सुनिश्चितताक लागि पूर्वाधार निर्माणमा न्यूनतम १०% श्रम सहभागिता अनिवार्य गर्ने व्यवस्था गरिनेछ। शिक्षा र स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधार निर्माण गर्दा जनसहभागितालाई  अनिवार्य गरिनेछ।
- दिगो र वातावरणमैत्री पूर्वाधार निर्माणको लागि निर्मित सार्वजनिक संरचनाको नियमित मर्मत सम्भार गरिनेछ।
- निर्मित संरचनाको दिगोपनाको लागि गुणस्तरयुक्त निर्माण सामग्रीको प्रयोग, प्रयोगशाला व्यवस्थापन तथा निर्मित आनुगमन र मुल्यांकन कार्यलाई थप प्रभावनकरी बनाइनेछ।
- सडक निर्माण तथा स्तरोन्नति गर्दा रणनीतिक महत्वका सडकहरु ग्रामिण सडक यातायात गुरुयोजना अनुरुप प्राथामिकताका सडकहरुलाई रकम विनियोजिन गरी अत्यावश्यक बाहेक नयाँ ट्र्याक नखोलिने र हाल रहेका सडकहरुको स्थायी पक्की संरचना निर्माण तथा स्तरोन्नतिमा जोड दिइनेछ।
- योजनाहरुमा जनताको सक्रिय सहभागितालाई अभिवृद्धि गराउन लागत सहभागिता अवधारणालाई निरन्तरता दिई थप प्रभावकारी बनाईनेछ ।
- गाउँपालिकाको केन्द्रबाट बडा केन्द्र र वडाको केन्द्रबाट मुख्य बस्तीहरु सम्म पुग्ने सडकहरुलाई स्तरउन्नत्ति तथा कालोपत्रे गर्न प्राथमिकता दिईनेछ।
- नयाँ निर्माण गर्नुपर्ने झोलुङ्गेपुल निर्माण र मर्मत सम्भार गरी सञ्चालन हुने झोलुङ्गेपुललाई आवश्यकता अनुसार मर्मत सम्भार गरिनेछ।
- सडक यातायात गुरुयोजना (Rural Municipal Transport Master Plan) ले तोकेको मापदण्ड अनुसार सडकहरुको मापदण्ड अनुसार जग्गाको लगत कट्टा गर्नका लागि पहल गरिनेछ।
- उपभोक्ता समितिद्वारा संचालन गरिने योजनाहरु हरेक वर्षको फागुन मसान्त अगावै सम्पन्न गराउने नीति लिइनेछ।
- निर्माण सम्पन्न सडकहरुको रेखदेख गर्न मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ।

### ग. जलस्रोत, विधुत तथा बैकल्पिक उर्जा

- जैविक रुपमा रहेको बायोग्यास, गोबरग्यास लगायतका स्थानीय साधन श्रोतलाई परिचालन गरी बैकल्पिक उर्जा उत्पादनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- गाउँपालिका मातहतका सरकारी निकायहरुमा वैकल्पिक उर्जाको कार्यक्रमलाई प्रवर्द्धन तथा मर्मत सम्भारलाई जोड दिइनेछ।
- विद्युतिय शासन प्रणालीलाई सार्वजनिक सेवा प्रवाहमा आवद्ध गर्दै यस गाउँपालिकाले प्रदान गर्ने सम्पुर्ण सेवा प्रवाहलाई डिजिटल वनाउदै लगिनेछ।

### ग. सूचना, संचार तथा प्रबिधि

- गाउँपालिकाले सम्पादन गरेका कार्यहरू पारदर्शी बनाउन वेबसाइटमा प्रविष्टि गर्ने कार्यलाई निरन्तरता दिँदै विद्युतिय शासनको महत्वपूर्ण साधनको रूपमा तयार गरिएको विनयी त्रिबेणी गाउँपालिकाको एन्ड्रोइड एप्लिकेसन प्रयोग गरी आम नागरिकमा सूचनाको पहुँच विस्तार गरिनेछ।
- बजार क्षेत्रमा हुने सडक दुर्घटना, चोरी डकैती लगायतका अपराधिक क्रियाकलापको प्रत्यक्ष निगरानीका लागि मुख्य बजार केन्द्रमा सि सी टि भि जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- राजश्व संकलनको एकिकृत सफ्टवेयर प्रणालीलाई अध्यावधिक गरी आगामी आ.व. देखि पूर्णरुपमा सुत्र मोडल मार्फत राजश्व भुक्तान गर्न सकिने व्यवस्था अवालम्वन गरिनेछ।
- गाउँपालिकाले प्रदान गर्ने सेवाहरूलाई डिजिटलाइजेशन गर्ने गरी एकीकृत तथा अन्तर-आवद्ध प्रविधि तथा तथ्याङ्क भण्डार विकासमा जोड दिन Server Management Infrastructure संचालन गरिनेछ।
- सूचनाको हकको पूर्ण कार्यान्वयनको लागि गाउँपालिकाको सूचना अधिकारी मार्फत गाउँपालिका सँग माग हुने सुचनाहरू समयमै प्रदान गर्ने व्यवस्था मिलाइनेछ।
- सूचना प्रवाह प्रणालीलाई व्यवस्थित गर्दै गाउँपालिका तथा शाखाबाट भएका निर्णयहरु बडा स्तरमा सम्प्रेशित गर्दै प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

## ४. वन तथा वातावरण क्षेत्र

### क. वन, हरियाली, भू तथा जैविक विविधता संरक्षण

- स्थानीय बन पैदावारलाई अधिकतम उपयोग गरी बनजङ्गलको संरक्षण तथा संवर्दन गर्दै वनलाई व्यवसायीकरण र बजारीकरणको रुपमा प्रवर्द्धन गरिनेछ।
- स्थानीय पर्यटन व्यवसायलाई प्रवर्धन गर्न सामुदायिक वन क्षेत्रमा पर्या-पर्यटन प्रवर्द्धन गरिनेछ।
- निजी वन क्षेत्र र निजी जग्गामा रहेका कु-काठ हटाई उत्पादनयोग्य जमिनको बढोत्तरी गरी समुदायको आयआर्जन विस्तारका लागी अमिलो जातका फलफुलका बिरुवा रोप्ने कार्यलाई अगाडि बढाईनेछ।
- सडक क्षेत्रको सौन्दर्य बढाउन वृक्षारोपण र सम्पन्न भएका योजनाहरुमा रंगरोगन लगायतका कामलाई अगाडि बढाईनेछ।
- बनक्षेत्रको दिगो विकास तथा उपयोगको लागि गठन भएका सामूदायिक बन उपभोक्ता समूहहरुको बार्षिक कार्ययोजना अनुसारका कार्यहरु गर्न गराउन अभिप्रेरित गरी थप आय आर्जनमा जोड्दै लगिनेछ।

### ख. वातावरण तथा फोहोरमैला व्यवस्थापन

- नवनिर्मित सडक संरचनाको कारणले साविकका गन्तव्यहरु परिवर्तन भई रहेको हुँदा नयाँ गन्तव्यमा यात्रु प्रतिक्षालय र चौतारी निर्माणको कामलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ।

- बर पिपल रहेका चौतारीको संरक्षण र विस्तार गर्ने नीति लिईनेछ।
- प्राकृतिक वातावरणको संरक्षण, पुनस्थापना र दिगो उपयोगमा जोड दिइनेछ।
- वातावरण मैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरी योजनालाई वातावरणमैत्री बनाइनेछ। ।
- तहगत सरकारको समन्वयमा सरसफाई स्वच्छता सम्बन्धी कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ।
- जलवायु परिवर्तनका असर र प्रभावलाई सामना गर्न उत्थानशीलतामा वृद्धि गरिनेछ।
- न्यून प्लास्टिक उपयोगलाई प्राथमिकता दिदै प्लाष्टिकमुक्त विनयी त्रिवेणी गाँउपालिका घोषणा गर्ने अभियान अघि बढाइनेछ।
- वातावरण संरक्षण, जलवायु परिवर्तन तथा वातावरण प्रदुषण न्युनीकरणका लागि हाम्रो विनयी त्रिवेणी गाउँपालिका सदैव कठिबद्द रहनेछ।
- विपदको समयमा मानविय, पशुजन्य, तथा धनजनको क्षती हुन नदिनका लागि गाउँपालिकाको तर्फवाट ईलाका प्रहरी कार्यालय दुम्किवासलाई उद्धार सामाग्री उपलब्ध गराउने र विपदसंग लड्नका लागि गाउँपालिकाले ईलाका प्रहरी कार्यालय दुम्किवास, औधोगिक सुरक्षा वल सर्दि, अस्थायी प्रहरी चौकी सर्दि, नेपाल रेडक्रस सोसाईटी दुम्किवास र त्रिवेणी तथा अन्य सम्वन्धीत सरोकारवाला हरुसंग सहकार्य गरि मनसुन विपदसंग जुधनका लागि संयन्त्र खडा गरि तत्काल उद्धार गर्न व्यवस्था मिलाइनेछ।
- हाम्रो गाउँपालिका भौगोलिक हिसावले तिन तहको रहेको कुरा सवैमा विदितै रहेको कुरा हो। आर्थिक हिसावले विनयी खोला यस गाउँपालिकाको मेरुदण्डकै हिसावले रहेको छ भने यसको व्यवस्थापन हाम्रा लागि उत्तिकै महत्वपुर्ण छ। विनयी लगायत अन्य खोलावाट हुने खेतियोग्य जमिन कटान लाई न्युनीकरण गर्न यस वर्ष खोलाको नदिजन्य पदार्थ निकासीवाट प्राप्त हुने राजश्वको निश्चित रकम यसै खोलाको संरक्षणमा लगाउने र विनयी खोलाको नापी नक्सा रेखाङ्कन गरी त्यँहा बाट प्राप्तहुने सार्वजनिक जग्गाको संरक्षण गर्ने हाम्रो नीति रहेको छ।
- स्थानीय शासन संचालन ऐनमा भएको व्यवस्था बमोजिम सामुदायिक वनहरु संग सहकार्य गरि आन्तरिक राजस्व परिचालन क्षमता विस्तार गरिनेछ।
- यस गाउँपालिकाको मुख्य समस्याको रुपमा रहेको जङ्गली जनवारको आक्रमणको शिकार मानिसहरु र घरपालुवा जनवारहरु हुने कुरालाई ध्यानमा राखि चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ति वनसंगको सहकार्यमा वन सिमामा तारवार लाउनका लागि सम्वन्धीत सवै सरोकारवालहरुसंग सहकार्य गरि आवश्यक पहल गरिनेछ।
- बर्षातको समयमा ठाडो र खहरे खोलाहरुले गर्ने भु-क्षय तथा कटान नियन्त्रण गर्न आवश्यक स्थानमा खोला च्यानलाइज र तटबन्धनको कार्यक्रम संचालन गरिनेछ।

- गाउँपालिका भित्ररहेका सार्वजनिक जग्गाहरुको खोजि र परिचान गरि संरक्षण गर्ने आवश्यक व्यवस्था मिलाइनेछ। नदि उकासका जग्गाहरु पालिकाको स्वामित्वमा ल्याउने आवश्यक समन्वय र पहल गरिनेछ।
- अव्यवस्थित वसोवासि, भुमिहिन दलित, भुमिहिन सुकुम्वासी हरुलाई व्यवस्थित गर्दै लगिनेछ।
- फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि आमा समूह, बजार व्यवस्थापन समूह, टोल विकास संस्था युवा क्लव र विद्यालयसँग सहकार्य गरिनेछ। फोहोरमैलालाई श्रोतमा नै बर्गिकरण गरी कुहिने र नकुहिने गरी वर्गीकरण संकलन र विसर्जन गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरीनेछ।
- फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईटको स्थापनार्थ आवश्यक पुर्वाधार तयार गर्न प्रयत्न गरिनेछ।
- बृहत विनयी त्रिबेणी सरसफाई अभियान सञ्चालन गरिनेछ। स्थानीय खोला, खोल्सीहरुको समुदायको अगुवाईमा बाताबरण स्वच्छता सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने ठाउको खोजि गरिनेछ। भने आवश्यक कानुनको र स्रोत साधनको व्यवस्था गरि उचित व्यवस्थापन गरिनेछ। फोहरमैला व्यवस्थापनको दिर्घकालिन रणनीति निर्माण गर्न आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ।

**ग. विपद व्यवस्थापन ज्योखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन**

- विपदका समयमा तत्काल आईपर्ने समस्या समाधानका लागि घटनास्थलमा खर्च गर्न सकिने विपद व्यवस्थापन कोषलाई प्रभावकारी बनाईनेछ।
- जलवायु अनुकुलन तथा विपद व्यवस्थापनका क्रियाकलापलाई एकिकृत गरी विपद व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई बढाउदै सूचना संकलन र सम्प्रेषण प्रणाली सञ्चालनमा ल्याईनेछ।
- बाढी, पहिरो, भूकम्प, आगलागी जस्ता प्राकृतिक तथा मानवीय विपत्तिमा आवश्यक पूर्वसावधानी अपनाउँदै राहत, उद्दार र पुर्नर्स्थापनाका कार्यक्रमलाई मौजुदा साधन स्रोतको अधिकतम परिचालन गरी निरोधात्मक र उपचारात्मक उपायहरु प्रवर्धन गरिनेछ। जसका लागि बहुक्षेत्रीय निकायहरुसंग समन्वयात्मक ढंगले कार्यक्रम र स्थानीय एकिकृत आकस्मिक सेवा सञ्चालन गरिनेछ।
- तहगत सरकारको समन्वयमा विपद पूर्वतयारी, जोखिम आकलन, विपद पूर्वचेतावनी, विपद प्रतिकार्यको तयारी तथा विपद न्यूनीकरण र पुनर्लाभका क्रियाकलापहरु सञ्चालन गर्न विद्यमान संरचनालाई थप चुस्त र सुदृढ बनाईनेछ।
- जलाधार क्षेत्र र तटीय क्षेत्र व्यवस्थापनका लागि तटबन्ध लगाई जोखिम नियन्त्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ बाढि पहिरो लगायत जलवायुजन्य जोखिममा रहेका बस्ती तथा विस्थापित परिवारलाई सुरक्षीत स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ।

- मुख्य तथा सहायक खोलाहरूमा नदी जन्य पदार्थको अनियन्त्रित दोहन रोक्न, जथावाभी उत्खननबाट हुन सक्ने प्राकृतिक, भौतिक तथा मानविय क्षतिलाई न्युनीकरण गर्न उक्त पदार्थको दिगो, नियमित र सहज आपूर्ति सुनिश्चितता कायम गर्न पहल गरिनेछ।

## ५. संस्थागत विकास क्षेत्र

### क. नीति, कानुन, न्याय तथा सुशासन

- दिगो विकासका लक्ष्य हासिल गर्ने गरी सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रम बीच अन्तरआवद्धता कायम गरिनेछ। दिगो बिकासका लक्ष्यलाई स्थानीयकरण गरिनेछ।
- शाखागत कामकारबाहीको मासिक प्रतिवेदन सहितको विवरण एकिकृत प्रणालिमा प्रविष्टी गरी अभिलेख प्रणालीलाई प्रभावकारी बनाईनेछ।
- पहिलो आवधिक योजनाको समिक्षा गर्दै दोस्रो आवधिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- विवाद निरुपणको कार्यलाई व्यवस्थित, गैर विभेदकारी र न्याय मूलक बनाउदै सामाजिक न्यायका आधारमा न्याय सम्पादन गरिनेछ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र मार्फत विवाद निरूपण गरी बास्तबिक न्यायको अनुभुति गराईनेछ
- न्यायिक समितिको कार्यलाई प्रभावकारी बनाउन क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी न्यायिक सेवालाई प्रभावकारी र परिष्कृत बनाउदै लगिनेछ।
- न्यायिक समिति मार्फत कानुनी साक्षरता कार्यक्रम संचालन गरिनेछ।

### ख. संगठन, मानव संशाधन तथा क्षमता विकास

- टोल विकास संस्था र आमा समूह युवा क्लब लगायत अपाङ्गता भएका र विपन्न वर्गहरुको क्षमता विकास गर्दै उद्यमशिल कार्यक्रमहरुमा लाग्न उत्प्रेरित गरिने छ।
- जनप्रतिनिधि, शिक्षक, कर्मचारी लगायतका पालिकाको नीति कार्यक्रम कार्यान्वयन गर्ने पक्षहरूको क्षमता विकासमा विशेष जोड दिईनेछ।
- टोल विकास संस्थाका पदाधिकारी, उपभोक्ता र विद्यालय व्यवस्थापन समितिलाई क्षमता एवं नेतृत्व विकासका अवसर सिर्जना गरिनेछ।
- सेवा प्रवाहलाई चुस्त पारदर्शी एवं जबाफदेही बनाउन घुम्ती सेवा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, स्वतःप्रकासन लगायत अन्य सेवाग्राहीमैत्री कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- पालिका भित्र संचालित योजना, कार्यक्रम तथा गाउँपालिका अन्तर्गतका विषयगत निकायहरूको काम कारवाहीलाई प्रभावकारि एवं गुणस्तरीय तुल्याउनका लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई नियमित संयन्त्रको रूपमा विकास गरी पूर्ण क्रियाशिल तुल्याइने छ।

- कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी कर्मचारी दरबन्दी संख्याको एकिन गर्दै कार्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सुदृढ बनाईनेछ।
- सेवा प्रवहा सुधार र संस्थागत क्षमता अभिवृद्धिका लागि यस गाउँपालिका भित्रका जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ।
- राष्ट्रसेवकहरुमा काम प्रति तत्पर हुने, सेवाभाव सहित समयमानै काम सम्पन्न गर्ने,उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने  कार्य संस्कृतिको विकास गरिनेछ।
- अत्याधुनिक प्रविधिको बिस्तार गरि बिधुतिय शासन प्रणाली अबलम्बन गर्ने तथा अत्यधिक मात्रामा प्रविधिको प्रयोग गरि सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।
- सेवा प्रवहा सुधार र संस्थागत क्षमता अभिवृद्धिका लागि यस गाउँपालिका भित्रका जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ।
- राष्ट्रसेवकहरुमा काम प्रति तत्पर हुने, सेवाभाव सहित समयमानै काम सम्पन्न गर्ने,उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने  कार्य संस्कृतिको विकास गरिनेछ।यस गाउँपालिकामा कार्यरत सवै सेवाका कर्मचारीहरुको समयानुकुल क्षमता तथा दक्षता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको पुरस्कार वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनसंग आवद्ध गरिनेछ।
- भ्रष्टचार न्युनीकरण गर्न भ्रष्टचार विरुद्ध शुन्य सहनशिलताको नीति वमोजिम शुसासन प्रवर्द्ध कार्ययोजना तयार गरि लागु गरिनेछ।
- गाउँपालिकावाट गर्ने खर्च प्रणालीलाई व्यवस्थित गरि वेरुजु तथा पेश्कीलाई निरुत्साहित गर्दै आर्थिक पारदर्शिता कायम गर्नेकाम सम्पन्न भए पछि मात्र भुक्तानी दिने गरि पेश्की नियन्त्रण गर्ने नीतिलाई निरन्तरता दिदै वेरुजु शुन्य वनाउने दिशामा अग्रसर हुनेछ।
- स्थानीय सरकारलाई स्थानीय जनता प्रति पारदर्शी र जवाफदेहि वनाई राख्नका लागि चौमासिकरुपमा गाउँपालिकाको प्रगती समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ।
- जनभावना अनुसार स्थानीय सरकारलाई गतिशिलता प्रदान गर्न र गाउँपालिका र गाउँपालिका वासि विचको सम्वन्ध सुमधुर वनाउनका लागि नागरिक सन्तुष्टि सर्वैक्षण कार्य गरिनेछ।
- गाउँपालिकाको केन्द्र र वडा कार्यालयवाट टाढा रहेका वडा न. ३, ४, ५ र ६, ७ का सेवाग्राहीलाई मध्येनजर गर्दै जिल्ला प्रशासन कार्यालय संगको समन्वयमा एकीकृत घुम्ती सेवा संचालन गर्ने व्यवस्था मिलाइनेछ।
- अत्याधुनिक प्रविधिको बिस्तार गरि बिधुतिय शासन प्रणाली अबलम्बन गर्ने तथा अत्यधिक मात्रामा प्रविधिको प्रयोग गरि सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

## ग. राजश्व तथा श्रोत परिचालन

- नागरिकहरूमा कर तिर्ने संस्कार निर्माणका लागि कर प्रतिको सचेतना र सम्बेदनशिलता अभिवृद्धि गरिनेछ।
- बस्ती बस्तीमा पुगी कर संकलन सम्बन्धी चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी घुम्ती
- शिविरमार्फत कर संकलनको अभियान संचालन गरिनेछ।
- कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने करदातालाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ।
- आन्तरिक आयलाई वृद्धि गर्न कर तथा सेवा शुल्कका थप दायराहरु विस्तार गर्दै लगिनेछ।
- यस गाउँपालिका भित्र करका दायराहरुलाई फराकिलो वनाउदै लगेर गाउँपालिकाको राजश्वलाई वढवा दिदै गाउँपालिकाको सामाजिक र आर्थिक सूचकमा सुधार गर्दै लग्ने हाम्रो नीति रहेकोछ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम स्थानीय सरकारलाई प्राप्त राजश्व सम्वन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रुपमा समृद्धि एंव आत्मनिर्भर वनाउन राजश्व संङ्कलनका सवै संभावना र क्षेत्रहरुको खोजी गर्दै प्रगतिशिल र समतामुलक ढंगले करका दरहरु निर्धारण गरिनेछ।
- स्थानीय करका सम्वन्धमा नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन तथा स्थानीय सरकार संचालन ऐनमा विभिन्न व्यवस्थाहरु गरिएका छन् वर्तमानमा भएका तिनै मौजुदा व्यवस्थालाई टेकेर वैज्ञानिक र व्यवहारिक कर प्रणालि अवलम्वन गरिनेछ।
- गाउँपालिका अन्तर्गतका करदाताहरुलाई प्रोत्सहान गर्ने वातावरणका साथै सवैभन्दा धेरै कर तिर्ने करदातालाई सम्मान गर्ने। समयमा कर नतिर्नेलाई थप जरिवाना गर्दै लामो समय कर नतिरि अटेर गर्नेलाई गाउँपालिकाले दिने सवै सेवा सुविधा रोक्का गर्ने सम्मको व्यवस्था मिलाइनेछ।
- राजश्व प्रशासनको प्रभावकारिताका लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड वनाई लागु गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालिलाई थप शसक्त र प्रभावकारी वनाईनेछ।
- सवै किसिमका पेशा व्यवसाय संचालनको दर्ता,नविकरण गर्ने कार्यलाई छिटो, छरितो,सरल,पारदर्शी र करदातामैत्री वनाइनेछ।
- कर संकलनलाई थप प्रभावकारी वनाई प्रक्षेपण गरिएको राजश्व यथा समयमा संकलन गर्न वडा समितिलाई प्रभावकारी ढंगवाट परिचालन गरिनेछ।
- अपाङ्गता भएका तथा एकल महिला वटा संचालित व्यवसाय दर्ता गर्दा लिहिदै आएको दर्ता शुल्कामा विस प्रतिशत छुट दिने नीति लिइनेछ।

## घ. तथ्यांङ, योजना तथा विकास परिचालन

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउनको लागि क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

- लाभग्राहीको खातामा सीधै निकासा हुने गरी विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी कार्यलाई निरन्तरता दिईनेछ।
- सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ। गाउँ क्षेत्र भित्रका ऐलानी तथा प्रति जग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाईनेछ। ऐलानी प्रति जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु संचालन गरिनेछ। साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिनेछ। विषयगत निकायको सहयोग र समन्वयमा सार्वजनिक जग्गामा बनेका घर, भवन, टहरा, संरचनाहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ।
- भूमिको व्यवस्थित उपभोग गर्नको लागि भूउपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- जग्गा प्रशासन सम्बन्धी कार्यमा प्राविधिक रुपमा सहयोग गर्नको लागि प्राविधिक जनशक्तिको व्यवस्थापन गरिनेछ।
- सार्वजनिक खर्चको मितव्ययितालाई विशेष ग्राहयता दिदै समग्र देशको आर्थिक अवस्थाको मध्यनजर गरी सार्वजनिक खर्च कम गर्दै चालु खर्च घटाईनेछ र लेखा प्रणाली लाई सूत्र प्रणाली अन्तर्गतको सफ्टवेयर मार्फत व्यवस्थित गर्ने कामलाई निरन्तरता दिइनेछ।
- चेक मार्फत हुने भुक्तानीलाई डिजिटलाईज्ड गर्दै EFT (Electronic Fund Transfer) मार्फत भुक्तानी प्रक्रियालाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- विविध कारणले विगतदेखि दायित्व सरी आएका पेश्की/बेरुजु रहेकोलाई फछ्यौट गर्ने र घटाउने नीति अवलम्बन गरिनेछ।
- राष्ट्रिय एवं अन्तराष्ट्रिय, सामुदायिक एवं गैर सरकारी संघ सस्थासंग विकासमा साझेदारी गर्दै जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न "एन जि ओ डेस्क" स्थापना गरी गाउँपालिका मातहतमा ल्याइनेछ।
- विकासमा सार्वजनिक निजि साझेदारी नीतिलाई आयोजना तथा कार्यक्रमको स्वरुपअनुसार वास्तविक कार्य नीतिमा परिणत गरिने छ। विकास निर्माणमा जनसहभागिता र निजी क्षेत्रको भूमिका समेत स्थापित गर्दै व्यवहारीक रुपमा लागू गरिनेछ।
- गैर सरकारी संघ संस्थाबाट यस पालिकामा सम्पन्न गर्ने कार्यक्रम प्रगति प्रतिवेदन नियमित पालिकामा पेश र स्वीकृति गर्नुपर्ने व्यवस्था लागु गरिनेछ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

सामाजिक-आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तीव्रता दिने अठोटका साथ आगामी आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु आर्थिक अभावको असर न्युन गर्दै आर्थिक सामाजिक क्षेत्र थप गतिशिल हुनेछन, पारस्परिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ र समृद्द नेपाल

सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पुरा गर्न प्रस्तावित विनयी त्रिबेणी गाउँपालिकाको नीति तथा कार्यक्रम कोशेढुङ्गा साबित हुनेछ।

विनयी त्रिबेणी गाउँपालिकाको समृद्दि र विकासमा एकाकार भई विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधताबीच एकता, सामाजिक, सास्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सदभावलाई संरक्षण तथा निरन्तरता दिन साथ दिनुभएकोमा गाँउपालिका भित्रका विभिन्न राजनैतिक दल, बुद्धिजीवी, समाजसेवी, राष्ट्रसेवक, निजी, सहकारी र सामुदायिक क्षेत्र, श्रमिकवर्ग, नागरिक समाज, सुरक्षा कर्मी, आम सञ्चारजगत लगायत सम्पूर्ण दाजुभाई दिदीबहिनीहरुलाई विशेष धन्यबाद दिन चाहान्छु साथै भविष्यमा समेत सोही प्रकारको भूमिकाको अपेक्षा गर्दछु।

समय संवेदनशिल छ, राम्रो सावित गर्न धेरै राम्रो गर्नुपर्छ, आलोचित हुन एक गल्ती वा एउटा भ्रम काफी हुन्छ। तसर्थ विनयी त्रिबेणी गाँउपालिकाको विकासको मार्गदर्शनको रुपमा प्रत्रलाई प्रोत्साहित र आलोचनालाई स्वागत गरी यस नीति तथा कार्यक्रमको तर्जुमामा छायाँ होईन, ऐनाको रुपमा ग्रहण गर्नेछु प्रत्यक्ष भेटेर वा फोन, फेसबुक, भाईबर वा ईमेल मार्फत महत्वपूर्ण सुझाव सल्लाह दिनुहुने सम्पुर्ण जनप्रतिनिधि, कर्मचारी राजनीतिक दलका प्रतिनिधि लगायत विनयी त्रिबेणीबासी स्वदेश तथा विदेश रहनुहुने आदरणीय दाजुभाई, दिदीबहिनी, बुबाआमा साथै आम समूदायलाई हृदयदेखि नै धन्यवाद दिन चाहान्छु र यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी स्थानीय सरकारको औचित्य स्थापित गरी समृद्ध विनयी त्रिबेणी निर्माणमा सबैको सकारात्मक भूमिका रहनेछ भन्ने अपेक्षा गरेको छु।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले प्रदान गरेको व्यवस्था अनुसार पालिका सरकार जनताको घर दैलोको सुखदुखको र जनताले प्रत्यक्ष देख छुन र महशुस गर्न सक्ने सरकार हो सिमित स्रोत र असिमीत चाहाना र अपेक्षाहरुको चुनौतीहरुलाई आत्मसाथ गर्दै ईमान्दारिता पारदर्शिता र दुरदर्शिताको आधारमा निष्पक्ष र न्यायिक सामाजिक हिसाबले नीति तथा कार्यक्रम तय, योजना छनौट र कार्यन्वयनमा लागि रहेका छौ र निरन्तर लागि रहने छौ।

अन्त्यमा, यस गाउँपालिकाको पहिलो सभादेखि यहाँ सम्म आईपुग्दा हालसम्मका अवस्थाका नीति तथा कार्यक्रमका पृष्ठभूमिहरुलाई आधार र मार्गदर्शनको रुपमा लिदै हामीलाई प्रत्यक्ष अप्रत्यक्ष रुपमा विभिन्न माध्यामबाट सहयोग गर्ने आम समूदाय नीति कार्यक्रममा अहोरात्र खटिएर लाग्ने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण कर्मचारी मित्रहरु, विषयगत समितिका संयोजक एवं पदाधिकारीहरू, गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरू लगायत सबै सबै प्रति हार्दिक आभार प्रकट गर्दछु।

**धन्यवाद**

**घनश्याम गिरि**

**अध्यक्ष**

**मितिः २०८१/०३/१०**